"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्ध रम्भा हाम्रो अभियान"

## रम्भा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पिपलडाँडा, पाल्पा

# आ.व.२०८३/०८४
# वार्षिक वजेट बक्तव्य कार्यक्रम

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

सभामा पेश गर्ने मिति :२०८३/०३/१०

# रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

गाउँ सभाका श्रद्धेय अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु,

१. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा भएको व्यवस्था बमोजिम यस गरिमामय गाउँसभामा रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अनुमानित वार्षिक **आय र** व्ययको विवरण प्रस्तुत गर्न उपस्थित भएको छु।

२. यस अवसरमा नेपालको सार्वभौमसत्ता स्वाधिनता र ,भौगोलिक अखण्डता , स्वाभिमानको रक्षाका साथै राष्ट्रियता लोकतन्त्र र ,समग्र परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, संघर्ष र आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने वीर शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।साथै घाइते, अपाङ्ग, शहिद परिवार, बेपत्ता नागरिक र तिनका परिवारजनमा हार्दिक सम्मान व्यक्त गर्दछु।

३. जनताको मन मस्तिस्कले छुने,देख्ने तथा अनुभूत गर्ने, जनताको समस्यासँग सबैभन्दा नजिक र प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारको हो।स्थानीय सरकारले नागरिकहरुको घरआँगनमा पुगेर सेवा दिने र समस्याहरुको नजिकवाट अवलोकन र सम्बोधन समेत गर्ने भएकाले सरकारको वास्तविक उपस्थिती समेत दिलाएको हुन्छ।

४. तसर्थः स्वास्थ्य र शिक्षा क्षेत्रको गुणात्मक विकास,कृषि र पशु विकास क्षेत्रमा व्यवसायिकरण,पर्यटन प्रवर्द्धन,उद्योग व्यवसायको सवलिकरण,उद्यमशिलताको विकास गरि रोजगारी सिर्जना, गुणस्तरीय पूर्वाधार निर्माण तथा समग्र सेवा प्रवाह प्रणालीलाई छिटो,छरितो,सिघ्र,चुस्त,दुरुस्त र जनमैत्री वनाई नागरिक सन्तुष्टि अभिवृद्धि मार्फत् " **रम्भा गाउँपालिकाको शान सुखी रम्भावासी समृद्ध हाम्रो अभियान**" लाई केन्द्रित गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम केन्द्रित गरेको छु।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३



CamScanner

## रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

५. यो बजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, रम्भा गाउँपालिकाको आवाधिक योजना, ऐन, नियम,कार्यविधीहरु, गाउँपालिकाले लिएका लक्ष्यहरु, गाउँपालिकाको नीति तथा कार्यक्रम,विषयगत समितिका सुझाव, रम्भावासीहरूको सुझाव चाहना आवश्यकता र विज्ञहरुका सुझाव परामर्श र सर्वपक्षिय/सर्वदलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू**

६. अब म रम्भा गाउँपालिकाको आर्थिक बर्ष २०८३।८४ को बजेटका उद्देश्य तथा प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

### बजेटका उद्देश्यहरु

क) उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत् आर्थिक विकास हासिल गर्नु।

ख) उद्योग व्यवसायको प्रवर्द्धन मार्फत् रोजगारी सिर्जना गर्नु।

ग) शिक्षा र स्वास्थ्य क्षेत्रको गुणात्मक विकास गर्नु।

घ) गुणस्तरीय र दिगो पूर्वाधार विकास गर्नु।

ङ) आधुनिक प्रविधिमैत्री सेवा प्रवाह र सुशासनयुक्त गाउँपालिका निर्माण गर्नु।

### बजेटका प्राथमिकताका क्षेत्रहरु

क)कृषि तथा पशु विकास क्षेत्रको व्यवसायिकरण मार्फत् आर्थिक विकास,

ख)स्वास्थ्य,शिक्षा र खानेपानी तथा सरसफाई क्षेत्रको गुणात्मकता अभिवृद्धि तथा सामाजिक विकास,

ग) गुणस्तरीय पूर्वाधार निर्माण,

घ) जनमैत्री, प्रविधि मैत्री सेवा प्रवाह र सुशासन प्रवर्द्धन,

ङ) पर्यटन क्षेत्रको प्रर्वद्दन र विकास

च) उद्योग,व्यवसायी र उद्यमी प्रवर्द्धन तथा प्रोत्साहन,

छ)भाषा,कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन,

ज) सामाजिक सुरक्षा,

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष



रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

झ)वन तथा वातावरण संरक्षण र प्रभावकारी विपद व्यवस्थापन,

**आदरणीय सभाध्यक्ष ज्यु**

**सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू**

,

७. अब म यस गरिमामय सभा समक्ष रम्भा गाउँपालिकाको चालु आ.व. ०८२।०८३ को यथार्थ आय-व्यय र ०८२।८३ को संसोधित आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. चालु आ.व. ०८२।८३ कोलागी संघीय सरकार अनुदान,लुम्बिनी प्रदेश सरकार अनुदान,वित्तीय व्यवस्थापन र आन्तरिक श्रोत गरी जम्मा **रु. ६२ करोड ६५ लाख ३६ हजार ६ सय ६३ रुपैया आम्दानी प्राप्त** भएको थियो ।

९. जसअन्तर्गत कूल विनियोजित मध्ये **चालु खर्च तर्फ रु. ३६ करोड ७९ लाख ६९ हजार ३ सय ५९ रुपैया** भने पुँजीगत खर्चतर्फ **रु. २५ करोड ८५ लाख ६७ हजार ३ सय ४ रूपैया** विनियोजन गरिएको थियो ।

१०. जसअन्तर्गत चालु आ.व. ०८२।०८३ मा स्विकृत विनियोजन वजेट मध्ये यो बजेट तयार पार्दा सम्म **चालु खर्च तर्फ रु. २४ करोड १० लाख २९ हजार ७ सय १० रुपैया अर्थात ६५.०५ प्रतिशत** त्यसैगरी **पुँजीगत खर्च तर्फ रु. १८ करोड २३ लाख २७ हजार ७ सय २६ रुपैया अर्थात ७०.५१ प्रतिशत** गरी समग्रमा हाल सम्म **जम्मा रु. ४२ करोड ३३ लाख ५७ हजार ४ सय ३६ रुपैया अर्थात ६७.५७ प्रतिशत वित्तिय प्रगति** भएको यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

११. **चालु आ.व. ०८२।०८३** को पुर्ण यथार्थ आय र व्ययको विवरण चालु आ.व. समाप्त भैसके पश्चात सार्वजनिक गर्ने व्यवस्था मिलाउनेछु।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलडाँडा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३



CamScanner

# रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

**आदरणीय सभाध्यक्ष ज्यु,**

**सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू**

१२. अब म आर्थिक बर्ष २०८३।८४ को अनुमानित वार्षिक **आय र व्ययको विवरण** प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१३. आगामी आर्थिक बर्ष २०८३।८४ कोलागी **आय तर्फ** संघीय सरकार वित्तिय समानीकरण अनुदान तर्फ **८ करोड ७८ लाख**, संघीय सरकार राजश्वबाडफाँडबाट प्राप्तहुने रु. **७ करोड ९८ लाख ८१ हजार** रुपैंया प्राप्त भएको छ ।

१४. त्यसै गरी संघीय सरकार सशर्त चालु अनुदान रु. **२३ करोड ३८ लाख**, ,संघीय सरकार सशर्त पूँजीगत अनुदान **२ करोड २५ लाख**, संघीय सरकार विशेष अनुदान **२ करोड ७५ लाख** ,संघीय सरकार समपुरक अनुदान **रु.२४ लाख**, गरी संघीय सरकारबाट जम्मा **रु.२८ करोड ६२ लाख रुपैंया आय** हुने अनुमान गरेको छु।

१५. त्यस्तै गरी लुम्विनी **प्रदेश सरकार वित्तिय समानीकरण अनुदान** तर्फ रु.६० लाख ८ हजार, लुम्विनी प्रदेश सरकार सवारी साधन कर बाँडफाँड तर्फ रु.८६ लाख ९४ हजार, प्रदेश सरकार सशर्त अनुदान चालु तर्फ रु. २० लाख, प्रदेश सरकार सशर्त अनुदान पूँजीगत तर्फ रु.१ करोड, प्रदेश सरकार विशेष अनुदान तर्फ रु.२० लाख र प्रदेश सरकार समपुरक अनुदान रु ७५ लाख गरी प्रदेश सरकारबाट **जम्मा रु. ३ करोड ६२ लाख २ हजार** आय अनुमान गरेको छु।

१६. त्यसैगरी यस रम्भा गाउँपालिकाको आन्तरिक **आय रु. १ करोड ४० लाख** र आ.व २०८२।८३ मा बचत हुन सक्ने **अल्या रु. २ करोड रुपैयाँ** गरी जम्मा **रु. ३ करोड ४० लाख** आय अनुमान गरी रम्भा गाउँपालिकाको कुल आय **रु. ५२ करोड ४० लाख ८३हजार रूपैंया** अनुमान गरेको छु।

१७. **त्यसैगरी व्यय तर्फको** आगामी आर्थिक वर्षमा **चालु तर्फ रू. ३४ करोड ६ लाख ५३ हजार ९ सय ५० रुपैया अर्थात ६५ प्रतिशत** तथा **पूँजीगत खर्च तर्फ**



रमा कुमारी श्रेष्ठ
**उपाध्यक्ष**

रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलडाँडा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

**रू.१८ करोड ३४ लाख २९ हजार ५० रुपैया अर्थात ३५ प्रतिशत** गरी जम्मा **रु.५२ करोड ४० लाख ८३ हजार रूपैंया** व्यय तर्फ विनियोजन गरेको छु।

१८. कृषि तथा पशु क्षेत्रको विकास, सिंचाई क्षेत्रको विस्तार, उद्योग तथा पर्यटन प्रवर्द्धन र सहकारी क्षेत्रको सवलिकरण मार्फत् रोजगारी सृजना र गरिबी निवारण गरी रम्भाबासीको मर्यादित र सम्मानित जिवनयापनको लागि **आर्थिक विकास तर्फ रु. १५ करोड ७२ लाख २४ हजार ९ सय रुपैया अर्थात** ३० प्रतिशत विनियोजन गरेको छु।

१९. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रवर्द्धन, स्वच्छ खानेपानी व्यवस्थापन र सरसफाई, भाषा, कला र संस्कृतिको संरक्षण संवर्द्धन तथा सामाजिक समावेशीकरण मार्फत् समतामूलक रम्भा गाउँपालिका निर्माणको लागि **सामाजिक विकास तर्फ रु. ७ करोड ८६ लाख १२ हजार ४ सय ५० रूपैया अर्थात १५ प्रतिशत** विनियोजन गरेको छु।

२०. सुलभ, सन्तुलित, सुरक्षित, गुणस्तरीय एवं दिगो पूर्वाधार निर्माण मार्फत् जनताको सहज जनजिविकाको लागि **पूर्वाधार विकास तर्फ २० करोड ९६ लाख ३३ हजार २ सय रुपैया अर्थात ४० प्रतिशत** विनियोजन गरेको छु।

२१. वन, वातावरण तथा जलाधार संरक्षण, जलवायु अनुकूलन, प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन मार्फत् जैविक विविधता संरक्षण तथा जनताको सुरक्षित र सहज जिवनयापनको लागि **वन, वातावरण तथा विपद् व्यवस्थापन** तर्फ **रु. २ करोड ६२ लाख ४ हजार १ सय ५० रूपैया अर्थात** ५ प्रतिशत विनियोजन गरेको छु।

२२. सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त, पारदर्शि, मितव्ययी, प्रभावकारी र सेवामुखी बनाई नागरिक सन्तुष्टि अभिवृद्धि गर्न **सुशासन तथा संस्थागत विकास तर्फ रु. ५ करोड २४ लाख ८ हजार ३ सय रुपैया अर्थात १० प्रतिशत** विनियोजन गरेको छु।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

**आदरणीय सभाध्यक्ष ज्यु,**

**सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू**

अब म रम्भा गाउँपालिका आ.व २०८३।०८४ विनियोजन तर्फको मुख्य मुख्य अंश प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. उधमशिलता र रोजगारी तथा खाध्य सुरक्षालाइ सुनिश्चित गरी कृषिलाइ व्यावसायमुखि वनाउदै रोजगार सृजनागर्ने कार्यक्रमकोलागी संघिय सरकारको समन्वयमा **रू १ करोड ७५ लाख रूपैया वजेट** विनियोजन गरेको छु ।

२. कृषि तथा पशुजन्य उत्पादनलाइ प्रोत्साहन गर्न **उत्पादनमा आधारीत अनुदान कार्यक्रम संचालन** गर्नकोलागि आवश्यक वजेट विनियोजन गरेको छु ।

३. कृषकहरूले उत्पादन गरेका कृषिजन्य उत्पादनहरूलाइ वजारीकरण गर्नकोलागी **कृषि एम्वुलेन्स संचालन कार्यक्रम** निरन्तरताकोलागी आवश्यक वजेट विनियोजन गरेको छु ।

४. कृषकहरूलाइ कृषि उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यका साथ **हल गोरू प्रोत्साहन कार्यक्रम संचालन** गर्नकोलागी आवश्यक वजेट विनियोजन गरिएको छ ।

५. रम्भा गाउँपालिका अन्तर्गत सामुदायिक विधालयमा कक्षा ६ देखी ९ सम्म दिदै आएको दिवा खाजालाइ विस्तार गरी **कक्षा १० सम्म अध्ययन गर्ने विधार्थीहरूलाइ समेत दिवा खाजाकोलागी** आवश्यक वजेट व्यवस्था गरेको छु ।

६. **अभिवाभावक विहिन वालवालिकाहरूकोलागी अभिवाभकत्व ग्रहण कार्यक्रमकोलागी** आवश्यक वजेट व्यवस्था गरेको छु ।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलडाँडा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३



CamScanner

## रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

७. विधालयहरूमा शैक्षिक पठनपाठनमा नियमितता प्रदान गर्न शिक्षक वैंक स्थापनाकोलागी आवश्यक वजेट व्यवस्था गरेको छु ।

८. BLE,SEE नतिजा सुधार कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

९. रम्भा गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर अभिवृद्धी र नतिजा सुधारको लागि विभिन्न कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०. "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने राष्ट्रिय नारालाई आत्मसात गर्दै विद्यार्थीहरुको खेल प्रतिको रुची अभिवृद्धि गर्न राष्ट्रपती रनिङ्गशिल्ड प्रतियोगिता कार्यक्रमलाई थप व्यवस्थित रुपमा संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

११. रम्भा गाउँपालिका भित्र रहेका खेलाडिहरुको प्रतिभा पहिचान गरी राष्ट्रिय स्तरमा परिचित गराउने र युवाहरुलाई खेल प्रति आकर्षित गर्ने उद्देश्यले अध्यक्षकप खेलकुद प्रतियोगिता तथा वडा स्तरीय खेलकुद प्रतियोगीता संचालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१२. रम्भा गाउँपालिका भित्रका कृषि/पशु प्राविधिक स्नातक तह पढ्न चाहने जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

१३. आधारभूत र माध्यमिक तहका विषयगत शिक्षकहरुको क्षमता अभिवृद्धि गरि नतिजा सुधार गर्न तालिम संचालनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।

१४. संघिय सरकारको समन्वयमा साना हुँगी माध्यमिक विधालय कम्पाउण्ड वाल तथा खेल मैदान निर्माणकोलागी लागि रु. १ करोड बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# रम्भा गाउँपालिका आ.व.०८३।०८४ को वजेट वक्तव्य

१५. रम्भा गाउँपालिकाको रम्भावासीको स्वास्थ्यप्रतिको दायित्वलाइ आत्मासात गर्दै आ.व. ०८२।८३ देखी शुरू भएको **निशुल्क रक्त सेवा प्रवाह तथा निशुल्क मोतिया विन्दुको शल्यक्रिया कार्यक्रम** निरन्तरता दिइ उक्त कार्यक्रम संचालन गर्नकोलागी आवश्यक वजेट विनियोजन गरेको छु ।

१६. **फोकसिङकोट स्वास्थ्य चौकि भवन निर्माण** आ.व.०८३।८४ मा पुर्णरूपमा सम्पन्न गर्ने गरी प्रदेश सरकार र रम्भा गाउँपालिकाको समन्वयमा **रू ७३ लाख वजेट** विनियोजन गरेको छु ।

१७. रम्भा गाउँपालिका **वडा नं ५ ताहुँमा निर्माणाधिन १५ शैया अस्पताल** पुर्णरूपमा सम्पन्न गर्ने गरी संघिय सरकार संगको समन्वयमा रू १ करोड ९५ लाख रूपैया वजेट विनियोजन गरेको छु ।

१८. गर्भवती तथा सुत्केरी महिलाहरुको पोषण सुनिश्चितताको लागि **गर्भवती र सुत्केरी** उपाध्यक्षसंग कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको **सम्मानजनक विदाई, र अवलोकन भ्रमण कार्यक्रमको** लागि आवश्यक रकम विनियोजन गरेको छु।

२०. स्वास्थ्य संस्थाहरुबाट संघीय सरकारले तोकेको औषधी बाहेक थप औषधी निःशुल्क औषधी वितरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२१. **मेरो स्वास्थ्य मेरो दायित्व कार्यक्रम अन्तर्गत** योग अभ्यास तथा व्यायाम संचालन गरि निरोगिता प्रवर्द्धन भान्सा सुधार ,स्वर्ण विन्दुप्राशन कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलडाँडा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

२२. ग्रामीण पर्यटन प्रवर्द्धनका लागि संचालनमा रहेको रानिवास सामुदायिक होमस्टेलाई थप व्यवस्थित बनाई अन्य स्थानहरुको समेत सम्भाव्यता अध्ययन गर्नको लागी आवश्यक बजेट व्यवस्था गरेको छु।

२३. **महिला,बालबालिका,दलित, जनजाति, अपांगता, युवा लगायत सम्पुर्ण लक्षित समुहको क्षमता** विकास गरी स्वरोजगार तर्फ उन्मुख गर्नको लागि एकीकृत लक्षित विकास कार्यक्रम संचालन आवश्यक बजेट व्यवस्था गरेको छु।

२४. **बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि आवश्यक कार्यक्रम** संचालन गर्न प्रदेश सरकारको समन्वयमा रू १० लाख रूपैया वजेट विनियोजन गरेको छु ।

२५. समाजमा वढ्दै गईरहेको नकारात्मक सोच तथा सामाजिक विकृति हटाउन सचेतनामूलक कार्यक्रम संचालनको लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

२६. **मेरो मातृभुमी मेरो दायित्व कार्यक्रम** अन्तर्गत विदेशवाट फर्केका युवाहरूको पुजी र सिपलाइ आफ्नो जन्मभुमिमा प्रयोग गरी व्यवसायमा आकर्षित गर्नकोलागी **अध्यक्ष संग युवा स्वरोजगार कार्यक्रम** संचालनकोलागी आवश्यक वजेट व्यवस्थापन गरेको छु ।

२७. रम्भा गाउपालिकामा स्वरोजगार हुन चाहने व्यवासायीहरूलाइ मध्यनजर राख्दै व्यावसायीक योजनाको आधारमा वैकसंग समन्वय गरी **सहुलियतपुर्ण व्याज अनुदान कार्यक्रमको**लागी आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२८. युवाहरूको सिप जागर र जोशलाइ विकास संग जोडिने गरी **युवाहरूको क्षमता विकास कार्यक्रम** संचालनकोलागी आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३



CamScanner

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

# रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

२९. रम्भा गाउँपालिका अन्तर्गतका ५ वटै वडाहरूमा वजेटका ५ वटा प्राथमिकता क्षेत्रहरूमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने गरी स्विकृत स्रोत अनुमान तथा सीमा निर्धारण समितिको वजेट सिलिङका आधारमा **२ करोड १५ लाख वजेट** विनियोजन गरेको छु ।

३०. रम्भा गाउँपालिकाको **प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने गरी उच्च प्राथमिकता दिइ रू १ करोड ५ लाख वजेट विनियोजन** गरेको छु ।

३१. संघिय समपुरक अनुदान अन्तर्गत रू २४ लाख र रम्भा गाउँपालिकाको १६ लाख गरी **लसुने ओमभञ्ज्याङ देउराली मो.वा. पहुँचमार्ग निर्माणकोलागी** रू **४० लाख वजेटको** व्यवस्था मिलाएको छु ।

३२. लुम्विनी प्रदेश शर्सत अनुदान मार्फत **हुँगी फाँट सिँचाइ कुलो अधुरो सिँचाइ योजना निर्माणको लागि** रु ८ लाख तथा **ढावा खेत पहिरो नियन्त्रण योजना रम्भा १ योजना निर्माणको लागी रु १० लाख बजेट** व्यवस्था मिलाएको छु।

३३. यसै गरी लुम्विनी प्रदेश सरकारसंगको समन्वयमा **रम्भा २ गावुडाँडा खानेपानी योजना निर्माण गर्न रु.८ लाख रूपैया बजेट** व्यवस्था मिलाएको छु।

३४. यसैगरी लुम्विनी प्रदेश सरकारसंगको समन्वयमा **वडा नं. ३ सोहविसे कृषि सडक निर्माणको लागि रु.९** लाख तथा **घाङ्चा छाङगा खानेपानी निर्माण योजनाको लागी रू.८ लाख** रूपैया बजेट व्यवस्था मिलाएको छु ।

३५. यसैगरी लुम्विनी प्रदेश सरकारसंगको समन्वयमा **वडा नं. ४ लोहरेङ वेरौटा सिरूघाट वाँसकाटे सिँचाइ योजनाको लागि रु ८ लाख** बजेट व्यवस्था मिलाएको छु।

रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तिपलडाँडा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

३६. यसैगरी लुम्विनी प्रदेश सरकार समपुरक योजना अन्तर्गत वडा नं १ हुँगीघाट पक्कि पुल देखी देउराली कुवा जोडने मो.वा निर्माण योजनाकोलागी लुम्विनी प्रदेश सरकारतर्फवाट ७५ लाख र रम्भा गाउँपालिका ७५ लाख गरी जम्मा रू १करोड ५० लाख वजेट व्यवस्था मिलाएको छु।

३७. विपदले निम्त्याउन सक्ने जोखिम न्युनिकरण तथा रोकथाम गर्नकोलागी आवश्यक वजेट व्यवस्था गरेको छु ।

३८. रम्भा गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक रहनसहन, कला, संस्कृति, भेषभुषा, परम्परा तथा विशिष्ठतालाई **संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न** आवश्यक बजेट व्यवस्था गरेकोछु।

३९. महिला,दलित,जनजाती लगायत लक्षित वर्गहरुलाई विभिन्न **सीपमूलक, रोजगारमूलक र आयमुलक कार्यक्रममा** संलग्न गराई आत्मनिर्भरता तर्फ उन्मूख गर्न गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

४०. हरेक क्षेत्रमा महिलाहरुको पहुँच अभिवृद्धि गर्न **महिला नेतृत्व र क्षमता विकासका कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**सभाका सम्पुर्ण सदस्य ज्यूहरु**

४१. रम्भा गाउँपालिकालाई सूचना प्रविधि र कृत्रिम बुद्धिमत्तामा (AI) आधारित स्मार्ट ग्रामीण पालिकाको रूपमा विकास गरी कार्यालयवाट प्रवाह हुने सुचना प्रणालीहरूलाइ **एकिकृत गरी सेवा प्रवाहलाइ सरल सहज र चुस्त** वनाउनकोलागी आवश्यक वजेट विनियोजन गरेको छु ।

४२. रम्भा गाउँपालिकाको डिजिटल प्रोफाइललाइ समय सान्दर्भिक अद्दावधिक गर्नकोलागी आवश्यक वजेट विनियोजन गरेको छु ।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७२

## रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

**आदरणीय सभाध्यक्ष महोदय,**

**सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू**

**बजेट तथा कार्यक्रमको पूर्णपाठ विनियोजन विधियक स्विकृत भए पश्चात राख्ने व्यवस्था मिलाएको छु ।**

**बजेट कार्यान्वयन**

४३. बजेट कार्यान्वयनको तालिका बनाई चौमासिक लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ ।

४४. आयोजनाहरुको अनुगमन प्रणालीलाई कार्यान्वयनको चरण र सम्पन्नको चरणमा गर्ने पद्धती बाट आयोजनाहरुको गुणस्तरमा ध्यान पुर्याइनेछ।

४५. आयोजनासँग सम्बन्धीत विषयगत समिति, विषयगत शाखाहरु बाट समेत नियमित अनुगमन मुल्यांकनको व्यवस्था मिलाइनेछ । साथै सम्बन्धीत वडाका वडा अध्यक्ष लगायतका जनप्रतिनिधिहरुबाट समेत अनुगमन मुल्यांकन हुने व्यवस्था मिलाइनेछ । यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छु ।

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३



CamScanner

# रम्भा गाउँपालिका आ.व.०८३।८४ को वजेट वक्तव्य

आदरणीय सभाध्यक्ष ज्यू,

सभाका सम्पुर्ण सभा सदस्य ज्युहरू

४६. यो बजेटको कार्यान्वयनबाट रम्भा गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकास भई गाउँपालिकावासीहरुको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरेको छु ।

४७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, परामर्श दिने वडाध्यक्ष ज्युहरु कार्यापालिका सदस्य ज्यु लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, विभिन्न विषयका विज्ञहरु, विभिन्न राजनीतिक दलका नेताहरु, नागरिक समूहका अगुवाहरु, रम्भा गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरू, एवं पत्रकार लगायत रम्भा आमा,बुवा,दाजु-भाई,दिदि-बहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दै यो वजेटको सफल कार्यन्वयनमा समेत सवैको पुर्ण सहयोग पाउने विश्वास राखेको छु

**धन्यवाद ।**

**राधाकुमारी श्रेष्ठ**

गाउँपालिका उपाध्यक्ष

मितिः २०८३।०३।१०

राधा कुमारी श्रेष्ठ
उपाध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३



CamScanner